२०७९ सालको कार्यविधि नं. ९

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ | संख्याः ९ | मितिः२०७९।१०।१२

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका भूटनदेवी इन्जिनियरिङ क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७९

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका लगायत आसपास क्षेत्रका इन्जिनियरिङ क्षेत्रमा उच्च शिक्षा प्राप्त गर्ने विद्यार्थीका लागि गुणस्तरीय शिक्षाद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सिपयुक्त जनशक्ती उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ रुपमा इन्जिनियरिङ शिक्षा प्रदान गर्न यस उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको भूटनदेवी इन्जिनियरिङ क्याम्पसलाई पूर्ण रुपमा सञ्चालन गर्न वाञ्छनिय भएकोले हेटौंडा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

हेटौंडा राजपत्र

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "हेटौंडा उपमहामनगरपालिका भूटनदेवी इन्जिनियरिङ क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(३) यो कार्यविधि भूटनदेवी इन्जिनियरिङ क्याम्पसको हकमा मात्र लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले हेटौंडा उपमहानगरपालिका भूटनदेवी इन्जिनियरिङ क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७९ सम्झनु पर्दछ ।

(ख) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "नगर सभा" भन्नाले हेटौंडा उपमहाननगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(घ) "नगर कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "क्याम्पस" भन्नाले हेटौंडा उपमहानगरपालिकाद्वारा सञ्चालित भूटनदेवी इन्जिनियरिङ क्याम्पसलाई सम्झनु पर्दछ ।

(छ) "अनुदान" भन्नाले हेटौंडा उपमहानगरपालिकाद्वारा सञ्चालन भएको भूटनदेवी इन्जिनियरिङ क्याम्पसलाई प्रत्येक आर्थिक वर्षमा हेटौंडा उपमहनगरपालिकाको नगर सभाबाट भूटनदेवी इन्जिनियरिङ क्याम्पस अनुदान शीर्षकमा विनयोजन भएको रकमलाई सम्झनु पर्दछ । सो शब्दले उपमहानगरपालिकाबाट प्रदान गरिने यस्तै प्रकारका अन्य अनुदान रकमलाई समेत जनाउँछ ।

## परिच्छेद-२
## अनुदानको उद्देश्य

**३. उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) क्याम्पस सञ्चालनको लागि सम्बन्धन प्राप्त गर्ने ।

(ख) क्याम्पसको भौतिक सुविधा, संरचनात्मक व्यवस्था तथा गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने ।

(ग) हेटौंडा उपमहानगरपालिका क्षेत्रमै इन्जिनियरिङ क्षेत्रमा उच्च शिक्षा प्राप्त गर्न चाहने युवाको चाहनालाई साकार तुल्याउन सहयोग गर्ने ।

## परिच्छेद-३
## अनुदान रकम निकासा सम्बन्धी व्यवस्था

४. **अनुदान रकम निकासाः** (१) यस कार्यविधि बमोजिम उपलब्ध गराउने अनुदान रकम उपमहानगरपालिकाले नगर सभाबाट भूटनदेवी इन्जिनियरिङ क्याम्पस सञ्चालन अनुदान शीर्षकमा वजेट विनियोजन गरी छुट्याउने छ ।

(२) अनुदान रकम एक वा बढी किस्तामा क्याम्पसको खातामा निकासा दिन सकिनेछ ।

(३) अनुदान रकम पेश्कीको रुपमा निकासा दिन सकिनेछ ।

(४) अनुदान दिइसकेपछि क्याम्पसले उपमहानगरपालिकालाई भर्पाई वा खर्चको फाँटवारी, बिल तथा अन्य आवश्यक कागजातहरु पेश गरी पेश्की फछ्र्यौट गर्नुपर्नेछ ।

## परिच्छेद-४
## विविध

५. **लेखापरीक्षण सम्बन्धी व्यवस्थाः** क्याम्पसलाई निकासा भएको रकमको आन्तरिक लेखापरीक्षण उपमहानगरपालिकाबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट प्रचलित कानून बमोजिम हुनेछ ।

६. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम निकासा भएको रकमबाट तोकिए बमोजिम कार्य भए नभएको सम्बन्धमा उपमहानगरपालिका आफैंले अनुगमन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

(२) उपमहानगरपलिकाबाट अनुगमन तथा मूल्यांकनको प्रतिवेदनमा अनुदान रकमबाट तोकिएको कार्य नभएको पाइएमा उपमहानगरपालिकाले क्याम्पसलाई निर्देशन गर्न सक्नेछ ।

(३) उपमहानगरपालिकाले दिएको निर्देशन पालना गर्नु क्याम्पसको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम निर्देशन पालना नगर्ने क्याम्पस प्रमुख वा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने वा कारवाही गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिनेछ ।

७. **संशोधन तथा परिमार्जनः** उपमहानगरपालिकाले क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७९ लाई आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

८. **वचाउ तथा खारेजीः** (१) यो कार्यविधि उपमहानगरपालिकाबाट क्याम्पसलाई दिइने अनुदानको हकमा मात्र लागू हुनेछ ।

(२) यस कार्यविधिमा लेखिएका प्रावधानहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**